आज मिति २०७८ साल असार २ गते बुधबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री कुल बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७७/७८ को १२ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

**उपस्थितीः**

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री कुल बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८५१०७७११८ | |
| २. | श्री बिर्मला देवी बुङ्थापा | सदस्य एवं नगर उप-प्रमुख | ९८६८७०७४४६ | |
| ३. | श्री अमर बहादुर शाह | सदस्य एवं वडा अध्यक्ष -१ | ९८६८४३६५५५ | |
| ४. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष -२ | ९८५८६५०७१२ | |
| ५. | श्री कृष्ण बहादुर बुढा | सदस्य एवं वडा अध्यक्ष -३ | ९८६५६२६२६४ | |
| ६. | श्री बालगिरी कुँवर | सदस्य एवं वडा अध्यक्ष -४ | ९८४८६७७५०२ | |
| ७. | श्री उजिरे साउँद | सदस्य एवं वडा अध्यक्ष -५ | ९८६८५२५५६ | |
| ८. | श्री प्रेम राज शर्मा | सदस्य एवं वडा अध्यक्ष -६ | ९८४८६१२७६० | |
| ९. | श्री मिठ्ठु सिंह भाट | सदस्य एवं वडा अध्यक्ष -७ | ९८४८४११६९९ | |
| १०. | श्री टंक बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष -८ | ९८६९१५६८६६ | |
| ११. | श्री ध्रुब बहादुर थापा | सदस्य एवं वडा अध्यक्ष -९ | ९८४८५५४०३५ | |
| १२. | श्री लाल बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष-१० | ९८४८६९२९४८ | |
| १३. | श्री गणेश बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष -११ | ९८६५८३२६४५ | |
| १४. | श्री प्रकाश बहादुर राना | सदस्य एवं वडा अध्यक्ष -१२ | ९८४८५३०१९१ | |
| १५. | श्री सागर सिंह सोनार (बाब्ली) | सदस्य एवं वडा अध्यक्ष -१३ | ९८५८४२६५२४ | |
| १६. | श्री कर्ण बहादुर साउँद | सदस्य एवं वडा अध्यक्ष -१४ | ९८४८६७७९८६ | |
| १७. | श्री जीत बहादुर निशानी लुहार | सदस्य | ९८६२५०१०८८ | |
| १८. | श्री दुरी देवी कुँवर | सदस्य | ९८१४६६७२१० | |
| १९. | श्री सुरत बहादुर भुल | सदस्य | ९८२५६९६११३ | |
| २०. | श्री सावी मिजार | सदस्य | ९८०४६८३८३५ | |
| २१. | श्री शंकर भुल | सदस्य | ९८४८६००८७६ | |
| २२. | श्री जयन्ती देवी बोगटी | सदस्य | ९८६८८००१८२ | |
| २३. | श्री सावित्री देवी कुँवर | सदस्य | ९८६८७२४०६२ | |
| २४. | श्री शान्ती देवी जोशी | सदस्य | ९८४८५२६५४९ | |
| २५. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि.प्र.प्र.अ. | ९८५८४३०१११ | |

**आमन्त्रितः**

| | | | | |
|---|---|---|---|---|
| २६. | श्री गोरख बहादुर बुढा | वडा सदस्य वडा नं. ५ | ९८६८५३८३७० | |
| २७. | श्री नृप विश्वकर्मा | सहायक चौथो | ९८४८६०४१२० | |

**प्रस्तावहरुः**

१. रिपोर्टिङ
२. भूमि सम्बन्धी समस्या समाधान आयोग र साँफेबगर नगरपालिका बीच भएको सम्झौता अनुमोदन सम्बन्धमा ।
३. भेरिएसन आदेश अनुमोदन सम्बन्धमा ।
४. खोप खरिद अनुमती माग सम्बन्धमा ।
५. बैकल्पिक उर्जा सम्बन्धी सशर्त रकम व्यवस्थापन सम्बन्धमा ।
६. तटबन्धन सम्बन्धमा ।
७. राजश्व परामर्श समिति र बजेट सीमा निर्धारण समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
८. सातौं नगरसभा सञ्चालन सम्बन्धमा ।
१. वडा सिलिङ तथा वडागत योजना प्राथमिकीकरण सम्बन्धमा ।
२. विविध
   क) लागत साझेदारीमा कुखुराको दाना बनाउने मेसिन उपलब्ध गराउने सम्बन्धमा ।
   ख) वडा शीर्षक परिवर्तन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको ११ औं कार्यपालिका बैठक यता करिब १ महिनाको समयावधिका बीच यस नगरपालिकाबाट सञ्चालित गतिविधिहरुको बारेमा नगर प्रमुखज्यूबाट संक्षिप्त रिपोर्ट प्रस्तुत भई यस बीचमा साँफेबगर नगरपालिकाका १४ वटै वडा मार्फत सञ्चालित गतिविधिहरुको बारेमा सम्बन्धित वडा अध्यक्ष र आ-आफ्नो क्षेत्रको क्षेत्रगत रिपोर्टिङ नगर उप-प्रमुख र कार्यपालिका सदस्यहरुबाट प्रस्तुत हुँदा कार्य सञ्चालनार्थ देखिएका समस्या तथा ती समस्याको समाधानका उपाय तथा समसामयिक विषयमा पुनः नगर प्रमुखज्यूको सम्बोधन पश्चात रिपोर्टिङ कार्य सम्पन्न गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समिति अछाम र यस साँफेबगर नगरपालिका बीच यही मिति २०७७ साल चैत्र २९ गतेका दिन भूमि सम्बन्धी समस्या समाधानका लागि यस साँफेबगर नगरपालिकामा कार्यक्रम सञ्चालन सम्बन्धी भएको सम्झौता अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रदेश समपूरक योजनाहरुको तपसिल बमोजिम कामको परिमाण र मूल्यमा भेरिएसन आदेश र आ.व. २०७६/०७७ को संघीय सरकार सशर्त योजना अन्तर्गतको खारखेत झोलुङ्गे पुल र चोइटे बगर झोलुङ्गे पुलको समयावधि २०७८ साल असार २५ गते सम्म थप्ने गरी जारी गरिएको भेरिएसन आदेशलाई अनुमोदन तथा स्वीकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

१. शहरी स्वास्थ्य क्लिनिक भवन निर्माण योजना
२. घुघुरकोट स्वास्थ्य चौकी भवन निर्माण योजना

३. डम्पिङ साइट निर्माण योजना

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाले आफ्नो सेवाक्षेत्रका नागरिकहरुलाई कोभिड १९ महामारी विरुद्ध लगाइने खोप खरिद कार्यका लागि सङ्घीय सरकार र सुदूरपश्चिम प्रदेश सरकार समक्ष अनुमती माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकालाई आ.व. २०७७/७८ मा वैकल्पिक उर्जाको क्षेत्रमा यस नगरपालिकालाई प्राप्त सशर्त अनुदान अन्तर्गतको निर्धारित बजेट रकम रु. १२ लाख आवश्यकता र औचित्यताको आधारमा यस नगरपालिका वडा नं. १२ खप्तड र वडा नं. १३ बाब्लामा रहेको लघु जलविद्युतको क्षेत्रमा प्राविधिक लागत इष्टिमेट बमोजिम खर्च गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ०६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाका विभिन्न ठाउँमा विभिन्न समयमा अविरल बर्षा सँगै आएको बाढी तथा पहिरोका कारणले अति जोखिममा रहेका क्षेत्रको पहिचान गरी प्राविधिक लागत इष्टिमेट बमोजिम आवश्यक बजेट व्यवस्था गरी तटबन्धन कार्य सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आगामी आ.व. २०७८/०७९ को लागि राजश्व परामर्श समितिबाट प्रस्तावित भई आएको कर, दस्तुर, शुल्क , सेवा शुल्क तथा राजश्वका दर तथा दायराहरुका साथै उक्त समितिले प्रक्षेपण गरेको राजश्वको अनुमान रकम रु. १ करोड ५० लाख र बजेट सीमा निर्धारण समितिबाट आ.व. २०७८/०७९ का लागि प्रस्तावित भई आएको बजेट रकम रु. ६२ करोड १२ लाख १ हजार तथा सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने बजेट रकम समेत समावेश गरी अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको सातौं नगरसभा तपसिल बमोजिमको समय सीमा भित्र रही निम्नानुसार कार्यक्रमको आयोजना गरी सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिलः

| क्र.सं. | क्रियाकलाप | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | वडासभा सञ्चालन गर्ने(१४ वटै) | २०७८/०३/०५ गते भित्र | सम्बन्धित वडाले निर्धारण गरे बमोजिम | सम्बन्धित वडाले तोके बमोजिम |

| | | | | |
|---|---|---|---|---|
| २. | सातौं नगरसभा सञ्चालन भई आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत | २०७८/०३/०७ गते | दिनको १२ बजे | नगरपालिकाको सभाहल |
| ३. | योजना तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०७८/०३/०८ गते | दिनको १२ बजे | नगरपालिकाको सभाहल |
| ४. | १३ औं कार्यपालिका बैठक | २०७८/०३/०९ गते | दिनको १२ बजे | नगरपालिकाको सभाहल |
| ५. | सातौं नगरसभाको दोस्रो बैठक सञ्चालन भई आ.व.२०७८/०७९ को बजेट प्रस्तुत | २०७८/०३/१० गते | दिनको १२ बजे | नगरपालिकाको सभाहल |

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गतका वडाहरुलाई आ.व. २०७८/०७९ को लागि तपसिल बमोजिमको बजेट सीमा भित्र रही वडा तहमा बजेट सिलिङ पठाउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| वडा नं. | बजेट रकम |
|---|---|
| १ | १८ लाख |
| २ | २३ लाख |
| ३ | ३० लाख |
| ४ | २७ लाख |
| ५ | २१ लाख |
| ६ | १७ लाख |
| ७ | १९ लाख |
| ८ | २२ लाख |
| ९ | २४ लाख |
| १० | २६ लाख |
| ११ | २३ लाख |
| १२ | २० लाख |
| १३ | २५ लाख |
| १४ | २५ लाख |
| जम्मा | ३ करोड २० लाख |

**निर्णय नं. १० विविधः**

प्रस्ताव नं. १०विविध (क) माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं.३ सिद्धेश्वर निवासी बिक्रम कुँवरले साँफेबगर नगरपालिका वडा नं. सिद्धेश्वरमा सञ्चालन गरेको कुखुरापालन व्यवसायलाई प्रोत्साहित गर्नको लागि लागत साझेदारीमा कुखुराको दाना बनाउने मेसिन उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

प्रस्ताव नं. १० विविध (ख) माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत वडा कार्यालय मार्फत चालु आ.व. २०७७/०७८ मा सञ्चालन हुने पेश भएका आयोजना तथा कार्यक्रमहरुको शीर्षक परिवर्तनका लागि सम्बन्धित वडा कार्यालयबाट अनुरोध भई आएकोले शीर्षक परिवर्तन गरी संशोधन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

उल्लेखित निर्णयहरु पारित गर्दै आजको बैठक सम्पन्न गरियो ।